# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## नागार्जुन नगरपालिका
## काठमाडौं

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नागार्जुन नगरपालिका

काठमाडौं

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नागार्जुन नगरपालिका

काठमाडौं

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरूजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।०२।०८

प.सं. २०८०।८१
च.नं. ६७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,
नागार्जुन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
नागर्जुन, काठमाण्डौ ।

१. **कैफियत सहितको राय** — हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**
२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।
२.२. लेखापरीक्षणबाट रू २७ लाख ७० हजार बेरूजू देखिएको छ । सो सम्बन्धमा रू ८ लाख ४८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरूजु प्रमाण कागजात पेस गर्नुपर्ने रू १६ लाख ५ हजार र पेश्की बाँकी रू. ३ लाख १७ हजार समेत रू १९ लाख २२ हजार रहेको छ । यस नगरपालिकाको गतवर्ष सम्म रू. २ करोड ६ लाख ६४ हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू. २ करोड २५ लाख ८६ हजार रहेको छ । यस नगरपालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।
हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका

लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्त प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तले उच्च स्तरको आश्वस्त प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

नागार्जुन नगरपालिका,
काठमाण्डौ

## १. चालु वर्ष २०७९।८० को बेरूजु

### बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरूजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरूजु | | | बेरूजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | ११ | २७७० | ० | ६ | ८४८ | ४७ | ५ | १९२२ | ० | ० | १६०५ | ० | ० | १६०५ | ३१७ |

## २. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरूजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु | यो वर्षको बेरूजु | कुल बेरूजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाण्डौ | ६५६६८ | ० | ४५००४ | २०६६४ | ० | १९२२ | २२५८६ |

## ३. बेरूजु सम्परीक्षणको विवरण

(रू. हजारमा)

| क्र. सं | आर्थिक वर्ष | बेरूजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | २३.१ | पेश्कि फस्यौंटको विवरण पेश भएको | ७०९ |
| | | ३५ | प्रमाण कागजात पेश भएको | ५२ |
| | | ४१ | मू.अ.कर समायोजन पेश भएको | ५६ |
| | | ४३ | बैंक दाखिला भौचर पेश भएको | ३१ |
| | चालु वर्षको जम्मा | | | ८४८ |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | दाखिला प्रमाण | ५२ |
| | | | प्रमाण पेश | ४८९१ |
| | जम्मा | | | ४९४४ |
| | २०७७।७८ | | दाखिला प्रमाण | २३५ |
| | | | प्रमाण पेश | ३९८२६ |
| | जम्मा | | | ४००६१ |
| | गत विगतको जम्मा | | | ४५००४ |
| | कुल जम्मा | | | ४५८५३ |

**नगरपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित क्षेत्रफल ३९.८ वर्ग किलोमिटर, ६७४२० जनसंख्या रहेको यो नगरपालिका अन्तर्गत १० वडा वाट ५४ नगरसभा सदस्य रहेका छन् ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्त (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९/८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि मिति २०८०/०७/१३ देखि मिति २०८०/०७/२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी बिश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(छ) आर्थिक कारोबारको स्थिति -** नगरपालिकाको आय/व्यय रू १४०३६१८१२३.७७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण दफा -३ मा संलग्न छ ।

२ **स्थानीय संचित कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९/८० को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

## प्राप्ति /भुक्तानी हिसाव
## अवधी — मिति २०७९/०४/०१ देखि मिति २०८०/०३/३२ सम्म

| विवरण | यस वर्ष रू. | | | गतवर्ष रू. |
|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा रू | आफैले गरेको प्राप्ति/भुक्तानी |
| **प्राप्ति (क+ख)** | २२९४८८४०२०.२७ | ११०३७३९३६१.०८ | ११०३७३९३६१.०८ | १३४०७७४९२६.२५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | २२७१४३३९३२.२७ | १०७३९५९४९७.२१ | १०७३९५९४९७.२१ | १३०५५१०९३५.२५ |
| ११००० कर | ९८८७०२०००. | ४१८७६१३०१.१५ | ४१८७६१३०१.१५ | ६४५१४२२२६.६ |
| १३००० अनुदान | ७७७७८७०००. | ५६६३३५३७८.०७ | ५६६३३५३७८.०७ | ५४७५१३९२५.७ |
| संघीय सरकार | ५१६२९९०००. | ४५९५३६७९१.८७ | ४५९५३६७९१.८७ | ४६२१४६८५३.४७ |
| प्रदेश सरकार | ७९७८८०००. | ६४५८६३१०.३ | ६४५८६३१०.३ | ४५९६५९९९. |
| अन्तरिक श्रोत | ४५००००००. | २६०५०५२०. | २६०५०५२०. | २३२६४५२४.१४ |
| स्थानीय तह | ११६७०००००. | ५१५७५००. | ५१५७५००. | ० |
| जनसहभागिता | २००००००० | ११००४२५५.९ | ११००४२५५.९ | १६१३६५४९.०९ |
| १४००० अन्य राजस्व | ३६७१५५०००.७७ | ८८५९२०९२.९९ | ८८५९२०९२.९९ | १०८५५८६६०.९५ |
| १५००० विविध प्राप्ति | १००००००० | २७०७२५. | २७०७२५. | ४२९६१२२. |
| ३२००० वित्तीय सम्पत्ति | १२७७८९९३१.५ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | २३४५००८८. | २९७७९८६३.८७ | २९७७९८६३.८७ | ३५२६३९९१. |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरू | २३४५००८८. | ३०३४२५१.८७ | ३०३४२५१.८७ | १७९०७०००. |
| धरौटी | ० | २४९४५६१२. | २४९४५६१२. | १७३५६९९१. |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | २२९४८८४०२०.२७ | ९६१५७५१२७.८९ | ९६१५७५१२७.८९ | १४३०५९८५६२.७६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | २२७१४३३९३२.२७ | ९३८६४६८००.३ | ९३८६४६८००.३ | १४०५५७१८०२.७६ |
| २१००० पारिश्रमिक / सुविधा | १८६५०४०००. | १४०००७३१५.६४ | १४०००७३१५.६४ | २३५०६७८१५.३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ५१९९४०४६९.२७ | ३२७३७०२५३.७३ | ३२७३७०२५३.७३ | २१६२९२४१८.३८ |
| २५००० सहायता (Subsidy) | २७५००००. | ० | ० | २०७२१४२८. |
| २६००० अनुदान | ४५०००००. | २५०००००. | २५०००००. | ४४२७५६१. |
| २७००० सामाजिक सुरक्षा | ५०२७०२११.८३ | १३८२७३२६. | १३८२७३२६. | २२७३६२१०. |
| २८००० अन्य खर्च | ८७०००००. | ४३१७३६०. | ४३१७३६०. | ५००३२३२. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १४९८७६९२५१.१७ | ४५०६२४५४४.९३ | ४५०६२४५४४.९३ | ९०१३२३१३८.०८ |
| घ. अन्य भूक्तानी | २३४५००८८. | २२९२८३२७.५९ | २२९२८३२७.५९ | २५०२६७६०. |

| | | | | |
|---|---|---|---|---|
| कोषहरू | २३४५००८८. | ५४३४७९०.५९ | ५४३४७९०.५९ | १७२९३३८३. |
| धरौटी | ० | १७४९३५३७. | १७४९३५३७. | ७७३३३७७. |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | १४०३६४२३३.१९ | १४०३६४२३३.१९ | -८९८२३६३६.५१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १७८२०००४५.५६ | १७८२०००४५.५६ | २६६०१७७०७.५५ |
| **वर्षान्तको बाकी रकम (ङ + च)** | | **३१८५६४२७८.७५** | **३१८५६४२७८.७५** | **१७६१९४०७१.०४** |
| **बैंक तथा नगद बाकी** | | **३१८५६४२७८.७५** | **३१८५६४२७८.७५** | **१७६१९४०७१.०४** |

कार्यालयबाट प्रस्तुत संचित कोषको वित्तीय प्रतिवेदनमा नेपाल सरकार (संघ) र प्रदेश सरकारबाट (CGAS ) प्रणाली अन्तर्गत निकासा भई खर्च भएको सामाजिक सुरक्षाको रू १२२८५२७१७.१३ र गरिबसंग विश्वेश्वर रू ६२६०००.०० रकम समावेस गरेको छैन । उक्त कारोवार संचित कोषको वित्तीय प्रतिवेदनमा समावेस भएको छैन । नगरपालिका हुने सवै खर्च सूत्रमा प्रविष्टि गरी खर्च गर्नु गराउनु पर्दछ ।

३ **एकिकृत वित्तीय विवरण -** नगरपालिकाको आर्थिक वर्ष ०७९/८० को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

**अवधी — मिति २०७९/०४/०१ देखि मिति २०८०/०३/३२ सम्म**

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| **बिबरण** | **रकम** | **बिबरण** | **रकम** |
| **गत बर्षकोमौज्जात अ.ल्या. रकम** | **१७६३४३०५५.०४** | **चालुखर्च** | **४८८०२२२५५.३७** |
| संचित कोषखाता | १२७७८८८८३.४८ | आन्तरिक श्रोत | ६६२०६६९०.१३ |
| कर्मचारी कल्याणकोषखाता | १०६४४५३६.१३ | नेपाल सरकार समानीकरण अनुदान | ६१४८४८८७.८८ |
| धरौटीखाता | २६४४४७८९.०० | नेपाल सरकार सशर्त अनुदान | २३६१९२५५७.८७ |
| प्रकोप ब्यबस्थापन कोष खाता ग ७ समुह | ५००७१६६.०७ | प्रदेश सरकार समानीकरण अनुदान | ९४७३३७३.०० |
| विविध खर्च खाता /कोष- बैंक (ग २-७) | ६४५७६८०.३६ | प्रदेश सरकार सशर्त अनुदान | ६६२०५३३.३ |
| | | राजस्व बाँडफाड प्रदेस सरकार तर्फ | ७३९९९९२८.२ |
| **राजस्व** | **५०७३५३३९४.१४** | राजस्व बाँडफाड संघीय सरकार तर्फ | ३४०४४२८४.९९ |
| राजस्व बाँडफाँड | ४१८७६१३०१.१५ | **पुजीगतखर्च** | **४५०६२४५४४.९३** |
| अन्य राजस्व | ८८५९२०९२.९९ | आन्तरिक श्रोत | १७८८९८६४०.०० |
| | | नेपाल सरकार समानीकरण अनुदान | ५०७३४१८३.९३ |

| | | | |
|---|---|---|---|
| **संघियसरकार अनुदान** | **४५९५३६७९१.८७** | नेपाल सरकार सशर्तअनुदान | १००३७४५२.०० |
| बितियसमानीकरण | १९८५९७५००.०० | प्रदेश सरकार समपुरक अनुदान | १९८८७७७९.०० |
| सशर्तअनुदान चालु | २३६१९२५५७.८७ | प्रदेश सरकार सशर्त अनुदान | ११५४७०४१.०० |
| शसर्तअनुदान पुजिगत | १००३७४५२.०० | नेपाल सरकार समपुरक अनुदान | १४७०९२८२.०० |
| समपुरक | १४७०९२८२.०० | राजस्व बाँडफाड प्रदेस सरकार तर्फ | **१२८०८३७५४.५५** |
| | | राजस्व बाँडफाड संघीय सरकार तर्फ | ८०६५२२०.०० |
| **प्रदेशसरकार अनुदान** | **६४५८६३१०.३** | **अन्तरसरकारी अख्तियारी- संघीय सरकार** | **१२३४७८७१७.१३** |
| बितियसमानीकरण | २१५७८००० | गरिबसंग विश्वेश्वर कार्यक्रम[ ३३६००१०२३] | ६२६०००.०० |
| सशर्तअनुदान | १८१६७५७४.३ | सामाजिक सुरक्षा तथा संरक्षण[ ३१४०१०१२३] | १२२८५२७१७.१३ |
| समपुरकअनुदान | १९८८७७७९ | | |
| विशेष | ४९५२९५७ | **विविध खर्चखाता /कोष- बैंक (ग २-७)** | **१५४५५००.००** |
| | | बिबिध खर्च | १५४५५००.०० |
| **अन्तरसरकारी अख्तियारी- संघिय सरकार** | **१२३४७८७१७.१३** | | |
| गरिबसंग विश्वेश्वर कार्यक्रम[ ३३६००१०२३] | ६२६०००.०० | **स्थानीय तहआकस्मिक कोष खाता-ग-७** | **३८६२५७८.००** |
| सामाजिक सुरक्षा तथा संरक्षण[ ३१४०१०१२३] | १२२८५२७१७.१ | प्रकोप व्यबस्थापन कोष खातामा खर्च | ३८६२५७८.०० |
| **धरौटी आय** | **२४९४५६१२.००** | **धरौटीफिर्ता** | **१७४९३५३७.००** |
| बिभिन्न व्यक्ति/फर्म/संस्थाबाट | २४९४५६१२.०० | बिभिन्न व्यक्ति/फर्म/संस्थाको धरौटी फिर्ता | १७४९३५३७.०० |
| | | **कर्मचारी कल्याणकोष** | **२६७१२.५९** |
| | | सेवा निबृत | २६७१२.५९ |
| | | **अन्तिममौज्जात (बचत रकम )** | **३१८५६४२७८.७५** |
| **बिबिध कोष खातामा निकासा आय** | **४५५१७२५२.७७** | संचित कोषखाता | २६३१०२६२८.४१ |

| | | | |
|---|---|---|---|
| जिल्ला विकास समिति | २६०५०५२०.०० | कर्मचारी कल्याण कोषखाता | १३६५२०७५.४१ |
| स्थानिय तह | ५१५७५००.०० | धरौटीखाता | ३३८९६८६४.०० |
| जनसहभागिता | ११००४२५५.९ | प्रकोप व्यबस्थापन कोष खाता ग ७ समुह | ११४४५८८.०७ |
| बिविध प्राप्ति | २७०७२५.०० | बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) | ६७६८१२२.८६ |
| कर्मचारी कल्याण कोष | ३०३४२५१.८७ | | |
| **गत आ.व.को हिसाव मिलानबाट** | १०४८.०२ | | |
| **बिबिध खर्च खाता कोष ग-२-७** | १८५५९४२.५ | | |
| **जम्मा आय रकम रू.** | १४०३६१८१२३.७७ | **जम्मा व्यय रकम रू.** | १४०३६१८१२३.७७ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

४ **वित्तीय प्रतिवेदनको विश्लेष्ण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ नगरपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ -

४.१ **वित्तीय विवरणको यथार्थता -** नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । नगरपालिकाले सामाजिक सुरक्षाको रू १२२८५२७१७.१३ र गरीवसँग विश्वेश्वर कार्यक्रमको रू ६२६०००।०० समेत गरी रू १२६१६१०००.०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४.२ **फरक हिसाब** – यस नगरपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा नगरपालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रू (१२३५३५७०७.६५) यस वर्षको भुक्तानी रू. (१२३४७८७१७.१३) र गत वर्षको जिम्मेवारी रू १८५६९९०.५२ फरक परेको छ । सुत्रमा नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं. २७२ ले नगरपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नु पर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १७८२०००४५.५६ | ११०३७३९३६१.०८ | ९६१५७५१२७.८९ | ३१८५६४२७८.७५ |
| एकीकृत आर्थिक विवरणअनुसार | १७६३४३०५५.०४ | १२२७२७५०६८.७३ | १०८५०५३८४५.०२ | ३१८५६४२७८.७५ |
| फरक | १८५६९९०.५२ | (१२३५३५७०७.६५) | (१२३४७८७१७.१३) | ० |

लेखापरीणका क्रममा वित्तिय प्रतिवेदन र लेखांकनमा फरक रहेको कारण स्थानिय तहले पेश गरेको आय व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोके बमोजिम वितिय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्यायको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

४.३ **आय व्यय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालीका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस नगरपालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न नगरपालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ ।

सैद्धान्तिक बेरूजु

४.४ **गतवर्षको मौज्दात -** आ.ब. ०७८/७९ को महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनमा गत वर्षको मौज्दात रू ३४३३४८७४.१२ देखाएता पनि नगरपालिकाको गत वर्षको निम्नानुसार खाताको मौज्दात लेखापरीक्षणको क्रममा भिडान गर्दा वास्तविक मौज्दात बैंक अनुसार रू १७६३४३०५५.०४ देखिन्छ ।

| क्र.सं. | खाता | मौज्दात रकम |
|---|---|---|
| १ | संचित कोषखाता | १२७७८८८८.४८ |
| २ | धरौटीखाता | २६४४४७८९.०० |

| | | |
|---|---|---|
| ३ | प्रकोप ब्यबस्थापन कोष खाता ग ७ समुह | ५००७१६६.०७ |
| ४ | विविध खर्च खाता /कोष- बैंक (ग २-७) | ६४५७६८०.३६ |
| ५ | कर्मचारी कल्याण कोष खाता | १०६४४५३६.१३ |
| | **जम्मा रू** | **१७६३४३०५५.०४** |

सैद्धान्तिक बेरूजु

४.५ **बित्तिय विवरण यथार्थ नदेखिएको** - म.ले.प.फा.नं. २७५ मा समावेश हुने खर्चको विवरण अनुसार म.ले.प.फा.नं. २७५ को वित्तिय प्रतिवेदन र म.ले.प.फा.नं. २७२ को प्राप्ति र भूक्तानी हिसाव यथार्थ हुनु पर्दछ । म.ले.प.फा.नं. २७५ मा भएको खर्चको विवरण म.ले.प.फा.नं. २७५ को वित्तय प्रतिवेदन र म.ले.प.फा.नं. २७२ को प्राप्ति र भुक्तानीका निम्न खर्च शिर्षकको रकमसँग मिलान भएको देखिएन ।

| **खर्च शिर्षक** | **म.ले.प.फा.नं.२७२ र २७५** | **म.ले.प.फा.नं. २७५ मा श्रोत गत भएको** | **फरक** |
|---|---|---|---|
| ३११५१ सडक तथा पूल निर्माण | २२८२११६८९.५५ | १९३६१४६२८.५५ | ३४५९७०६१.०० |

जसले गर्दा म.ले.प.फा.नं. २७२ मा देखिने मौज्दात रकम पनि फरक पर्ने हुँदा सम्वन्धित निकायले पेश गरेको विवरण यथार्थ देखिएन । साथै संचित कोषको बैंक नगदी किताव, श्रोत समावेश भएको आर्थिक विवरण (म.ले.प.फा.नं. २१४) र खर्च शिर्षक अनुसार गोश्वारा भौचर (म.ले.प.फा.नं. २०३) परीक्षण गर्दा म.ले.प.फा.नं. २७५ र म.ले.प.फा.नं. २७२ सँग मेल नखादा प्राप्ति/भूक्तानी र मौज्दात रकम यथार्थत हो भन्ने आधारमा स्पष्ट हुन सकिएन । यसबाट नगरपालिकाको समग्र आम्दानी र खर्चमा समेत यकिन हुने आधार देखिन ।

सैद्धान्तिक बेरूजु

४.६ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार नगरपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । नगरपालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ —

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रू.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रू.** | **फरक रू.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २६३१०२६२८.४१ | २६३१०२६२८.४१ | 0 |
| विविध खर्च खाता | ६७६८१२२.८६ | ६७६८१२२.८६ | 0 |

| | | | |
|---|---|---|---|
| विपद व्यवस्थापन खाता | ११४४५८८.०७ | ११४४५८८.०७ | 0 |
| कर्मचारी कल्याण कोष खाता | १३६५२०७५.४१ | १३६५२०७५.४१ | 0 |
| धरौटी | ३३८९६८६४. | ३३८९६८६४.०० | 0 |
| बैङ्क | ३१८५६४२७८.७५ | ३१८५६४२७८.७५ | 0 |

सैद्धान्तिक बेरूजु

५ **खर्च बिश्लेषण -** नगरपालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू ९८४७९८६८.८६ राजस्व बाँडफाँड र अनुदानबाट रू ९८५०९६६७९.२२ समेत रू ११०१९३९३६१.०८ आम्दानी भएकोमा चालु तर्फ रू ४८८०२१२०७.९ र पूँजिगत तर्फ रू ४५०६२४५४४.९३ र वित्तीय ब्यबस्था तर्फ रू २२९२९३७५.०६ समेत रू ९६१५७५१२७.८९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १०.४९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू ८५०००००.०० खर्च भएको छ जुन आन्तरिक आयको ८.६३ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३.१४ प्रतिशत चालु र ४६.८६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालन मा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

६ **सःशर्त अनुदान -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सःशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीयतहमा हस्तान्तरण भएको र सःशर्त अनुदानको रकम आषाढ मसान्त सम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको छ । यस नगरपालिकालाई संघीय सरकारबाट रू ४५ करोड ९५ लाख ३६ हजार र प्रदेश सरकारबाट रू ६ करोड ४५ लाख ८६ हजार गरी जम्मा रू ५२ करोड ४१ लाख २३ हजार प्राप्त भएकोमा संघीय सरकारको रू ३७ करोड ३१ लाख ५८ हजार खर्च भई बाँकी रू ८ करोड ६३ लाख ७८ हजार र प्रदेश सरकारको रू ५ करोड २४ लाख ८१ हजार खर्च भई बाँकी रू १ करोड २१ लाख ०५ हजार रहेकोमा मिति २०८०।०३।३१ मा संघीय संचित कोषमा फिर्ता भएको छ।

सैद्धान्तिक बेरूजु

७ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले त्यस्तो प्रणाली तयार गरेको तर लागू गरेको पाईएन । जसले गर्दा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन -

• नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्य कालीन खर्च संरचना तयार गर्नु पर्नेमा नगरपालिकाले सो बमोजिम मध्य कालीन खर्चको संरचना तयार गरेको पाईएन,

• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• नगरपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन,

• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगावै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । साथै ठेक्का फाइल समेत अद्याबधिक देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन,

• नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन र

• मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरूजुको लगत तयार गरेको पाईएन ।

तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम तयार गरी नगरपालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरूजु

८ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाको उपप्रमुख श्री सुशिला अधिकारीले मिति २०७९।०३।१० मा रू २ अरव २९ करोड ४८ लाख ८४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२५ मा पारित भएको छ । यसैगरी नगरपालिकाको प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

९ **प्रशासकिय संगठन तथा कर्मचारी दरबन्दि -** स्थानीय सरकार संचालन ऐनको दफा ८३ मा नगरपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले उपलब्ध गराएको दरबन्दी तथा पदपूर्ति सम्बन्धि विवरणमा कुल दरबन्दी संख्या २२० रहेकोमा स्थायी तथा करार १७९, ज्यालादारी २८, कार्यक्रम तर्फ १३ जना गरी जम्मा २२० जना कर्मचारीहरू कार्यरत रहेको देखिन्छ । नगरपालिकाले स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत गराएको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन, २०७६ अनुसार विभिन्न प्राविधिक ८३ पद र प्रशासनिक पद १३७ गरी जम्मा २२० पदहरूको प्रस्ताव गरिएको छ।

सैद्धान्तिक बेरूजु

१० **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म ७ वटा ऐन, १३ वटा कार्यविधि र नियम निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै नगरपालिकाले १५ वटा कानूनहरू निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरूजु

११ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको २४ गरी कुल ३० विवाद दर्ता भएकोमा २३ वटा मात्र फस्यौंट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१२ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस नगरपालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरूजु

१४ **सेवा प्रवाह -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । सेवा प्रवाह लाई चुस्त दुरूस्त एवं प्रभावकारी बनाउन नगरपालिकाले पर्याप्त ध्यान दिनुपर्दछ । नगरपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफरिस | १६०४ |
| २ | घरबाटो सिफारिस | २१३९ |
| ३ | नाता प्रमाणित | २३९ |
| ४ | जन्म दर्ता | ६३७ |

| | | |
|---|---|---|
| ५ | मृत्यु दर्ता | २४० |
| ६ | घरनक्सा पासको निवेदन | २१६८ |

सैद्धान्तिक बेरूजु

१५ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१६ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा नगरपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१७ **प्राथिमिकीकरण र छनौट -**

**योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथामिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल १३७ योजनाहरू मध्ये रू ० देखि रू १ लाख सम्मको २० वटा, रू १ लाख देखि रू २ लाख सम्मको २९ वटा, रू २ लाख देखि रू ३ लाख सम्मको १३ वटा, रू ३ देखि रू ४ लाख सम्मको १० वटा र रू ४ देखि रू ५ लाख सम्मको २४ वटा गरी जम्मा ९६ वटा योजना रू. ५ लाख भन्दा कम बजेटको संचालन भएको देखियो । यस्ता वितरण मुखी कार्यक्रमलाई नियन्त्रण गर्नु पर्दछ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना

प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर नगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा निम्नअनुसार १० वडाको लागि वडागत र नगरपालिकास्तरका कुल १३७ योजनामा वजेट विनियोजन गरेको छ ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रू.२० लाखमाथिका योजना सङ्ख्या** | **रू.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रू. ५लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६१ | | ४१ | ९६ |
| २. | वडास्तरीय | ७६ | | | |

उपर्युक्त विवरणअनुसार नगरपालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका १३७ योजना कार्यान्वयन भई सकेको छ।तसर्थ नगरपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१८ **लक्ष्य प्रगति -** नगरपालिकाले यसवर्ष १८५ र क्रमागत १६ गरी जम्मा २०१ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये यस वर्ष को ३६ वटा र १६ वटा क्रमागत गरी जम्मा ५२ योजना ठेक्काद्वारा र बाँकी यस वर्षको १३७ र क्रमागत शुन्य गरी जम्मा १३७ योजना उपभोक्ता समिति मार्फत भएको छ भने १२ वटा योजना संचालन नै नभएको देखिन्छ । नगरपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरूको लागत अनुमान आर्थिक वर्ष भित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी बिश्लेषण गर्न सकिएन । अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१९ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७९/८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र स** | **क्षेत्रगत बजेट** | **बजेट** | **खर्च रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०९४६१८००. | १६८९८१३२. | १५.४४ |
| २ | सामाजिक विकास | ५५०७९४८०४. | ३०२३६३०९८.३४ | ५४.९ |
| ३ | पूर्वाधार विकास | ११४४५९२८२४.४७ | ३६१२९६१९४.२३ | ३१.५७ |
| ४ | सुशासन विकास | ३५५४६२८३. | ४७०४९१९.१३ | १३.२४ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ४३१०३८२२०.८ | २५३३८४४५६.६ | ५८.७८ |
| जम्मा रू | | २२७१४३३९३२.२७ | ९३८६४६८००.३ | ४१.३२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी ५८.७८ प्रतशित र सुशासन वकिासमा सबै भन्दा घटीमा १३.२४ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरूजु

२० **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ ।

| बजेट | कुल खर्च | चौमासिक खर्च (रू.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रे त्रैमासिक | चौथो त्रैमासिक | |
| २२७१४३३९३२.२७ | ९३८६४६८००.३ | २०३९५४७८५.०५ | १५४५६७४८४.३८ | ८८४७२०५६.२ | ४९१६५२४७४.६७ | ३००१३१३४३.३० |
| खर्च प्रतिशत | ४१.३२ | २१.७२ | १६.४७ | ९.४३ | ५२.३८ | ३१.९७ |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू ९३८६४६८००.३ निकासा भएकोमा प्रथम त्रैमासिकमा रू. २०३९५४७८५.०५ (२१.७२ प्रतिशत), दोस्रो त्रैमासिकमा रू १५४५६७४८४.३८ (१६.४७ प्रतिशत) र तेस्रो त्रैमासिकमा रू ८८४७२०५६.२ (९.४३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू ३००१३१३४३.३(३१.९७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

२१ **वार्षिक खरिद योजना/गुरूयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू ४५०६२४५४४.९३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

२२ **शिर्षकगत अभिलेख -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(१) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा बाँकी रहेको लगायतका कुरा विचार गरी निकाशा दिनुपर्ने र सो अनुसार स्रेस्ता राख्न पर्ने ब्यवस्था छ । कार्यालयले यो वर्ष संघिय सशर्त अनुदान शिर्षकमा कुल विनियोजित रकमको शिर्षकगत अभिलेख नराखी, स्वास्थ्या, शिक्षा, महिला, कृषि, पशु र वन तथा वातावरणको एकमुष्ठ अभिलेख राख्नाले विनियोजन अनुसार निकाशा भयो कि भएन भनि एकिन गर्ने आधार छैन । वर्षान्तमा संघिय सशर्त तर्फ निकासा भएको मध्ये कुन शिर्षकको के कति रकम फिर्ता भयो एकिन गर्न सकिएन । शिर्षकगत अभिलेख राखी स्रेस्ता ब्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

२३ **पेश्की -**

२३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। नगरपालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रू. ३१७०००.०० बाँकी रहेको देखिन्छ । म्याद नाघेको पेश्की रू. ३१७०००.०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार अशुल फस्यौंट गर्नुपर्ने रू..

**कर्मचारी तर्फः**

| गो भौ नं र मिति | पेश्की लिने कर्मचारीको नाम | पेश्कीको विवरण | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ९२०।२०८०।३।२४ | सागर खत्री | अवलोकन भ्रमण | ३१७००० |
| जम्मा रू | | | ३१७००० |

*प्रारम्भिक प्रतिवेदन उपर पेश्कि फस्र्यौट भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२ ।१२ को जम्मा रू ७०९०००.००- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| पेश्की | ३,१७,००० |

२३.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष निम्न ठेकेदार, संस्था तथालाई रू. ४७७२६४८.९३ पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

**ठेकेदार तर्फ -**

| **गो भौ नं र मिति** | **ठेकेदारको नाम** | **पेश्कीको विवरण** | **रकम** |
|---|---|---|---|
| ४३।२०७९।६।९ | तुल्सी कन्स्ट्रक्सन | हरिसिद्धि मन्दिर पुन निर्माण तथा पार्क निर्माण | १८३७००० |
| १८६।२०८०।१।६ | सहस्रार कन्स्ट्रक्सन | पुरानो गा वि स देखी वरको बोट जाने बाटो बनाउने | २५९००० |
| २२२।२०८०।२।३ | सन्त/ जय हनुमान जे भि | वडा कार्यालय निर्माण | १६४५००० |
| जम्मा रू | | | ३७४१००० |

**संस्थागत -**

| गो भौ नं र मिति | संस्थाको नाम | पेश्कीको विवरण | रकम |
|---|---|---|---|
| १२९।२०७९।९।२० | नेपाल विद्युत प्रधिकरण कुलेश्वर | विद्युत लाईन व्यवस्थापन | २४८०६.९३ |
| २२६।२०८०।२।८ | नेपाल विद्युत प्रधिकरण कुलेश्वर | ढल व्यवस्थापन तथा सडक स्तरोन्नती | १००६८४२.०० |
| जम्मा रू | | | १०३१६४८.९३ |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२४ **कर विश्लेष्ण —**

**व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू ८४००२९१.०० कर गरेको छ । नगरपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ नगरपालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**मनोरन्जन कर -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । नगरपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । नगरपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका मनोरन्जन स्थलको अभिलेख राख्ने गरेको छैन । तसर्थ नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण मनोरन्जन स्थलको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

**घर जग्गा बहाल कर -** नगरपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू ५६३३१३३६.०३ कर संकलन गरेको छ । नगरपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

**विज्ञापनकर -** बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ । नगरपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन । जसबाट नगरपालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन । तसर्थः नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।

| सैद्धान्तिक बेरूजु |
| --- |

२५ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू १३५५८५७०००.७७ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू ५०७३५३३९४.१४ अर्थात अनुमान भन्दा ६२.५८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| सैद्धान्तिक बेरूजु |
|---|

२६ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ९३८६४६८००.३ | ९८४७९८६८.८६ | १०.४९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.४९ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरूजु |
|---|

२७ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरणअनुसार नगरपालिका भित्र ६३ वटा सहकारी संस्था रहेका छन् । नगरपालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी नगरपालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस नगरपालिका अन्तर्गत रहेका सहकारी संस्थाको अवस्था निम्नानुसार देखिन्छ ।

| क्र.सं. | सहकारी संस्थाको नाम | सदस्य संख्या | शेयर पूँजि रू | बचत रू | ऋण लगानी रू | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| १ | अन्जलिबचत तथा ऋण सहकारी संस्था लि. | ८४३ | १३७८९००० | ३०६५८१२२५ | २२६७६६६३२ | ५७३३५१३ |
| २ | अर्थसंसार बचत तथा ऋण सहकारी संस्था लि. | १६६ | ११७३५७०० | १९२७७५७५.४७ | २६९१२२०० | ११९४३० |
| ३ | अर्थशालाबहुउद्देश्यिय सहकारी संस्था लि. | २५ | १००००० | १०००० | १७९३६ | |
| ४ | आकाश देवीमहिला कृषी सहकारी संस्ठा लि. | २६० | १६४००० | २९३०६५९२ | १५५०७१० | ११४००१ |
| ५ | इचंगुनारायणबचत तथा ऋण सहकारी संस्था लि. | ८९८ | १००४५६०० | ९०८७३०९७ | ५४८५७९८३ | ९१९१७६.९ |
| ६ | एश्वर्यबहुउद्देश्यीय सहकारी संस्था लि . | १३३ | २०७६५०० | ५९५११९१ | २९२२६६४ | ४७८०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | कमलपोखरी बचततथा ऋण सहकारी संस्था लि. | २७५ | ४०५०८२१ | ४४९८९९४.२१ | ५८७६२७१.०४ | ५५३९२८.८ |
| ८ | कृपासा बचत तथाऋण सहकारी संस्था लि. | ४७६ | ७२१८७०० | ११४८१४८४ | २०९९३६५३ | ८८६२३९ |
| ९ | कृष्मा बचत तथाऋण सहकारी संस्था लि. | ५० | २७७०००० | ११०००० | २१६०००० | |
| १० | गैरिगाउँबचत तथा ऋण सहकारी संस्था लि. | १४५३ | १४५८६४५० | ३७१९८३००.८४ | ४५१६६३८.३६ | २८६४५०.०६ |
| ११ | ग्रामिण महिलाविकास बहुउद्देश्यीय सहकारी संस्था लि. | १७८ | ९५८१०० | ४४९८८६३ | १५०६३०५ | ५८१७०३ |
| १२ | ग्रामिणहातेमालो कृषि सहकारी संस्था लि. | २०१ | १०७६५९०० | ८५०६४६८३.५ | ९३०८६५३०.५२ | ७९५४२६.६६ |
| १३ | ग्लोबल भिजनबचत तथा ऋण सहकारी संस्था लि. | १५१ | १७९९४०० | ४०१३९१८.२ | ४९९०४९९.९ | |
| १४ | जनहितबहुउद्देश्यिय सहकारी संस्था लि. | ३५७ | ४४३९५०० | ३६२६९२१८.४९ | ३५२६७०९५ | ५३३७८०.८५ |
| १५ | जय महालक्ष्मीबहुउदेश्यीय सहकारी संस्था लि. | ७१ | ७१५६००० | ८३०४७८९.५१ | १५९२७००० | १५३५६५.८३ |
| १६ | जयन्ती बचत तथाऋण सहकारी संस्था लि. | ९८६ | २२३१३९०० | २१९५९३४३७.७ | १९३०६७०७२ | ५०७७८००.४२ |
| १७ | जागरूकउपभोक्ता सहकारी संस्था लि. | २६ | ६३५००० | | | |
| १८ | जीवनमार्गबहुउद्देश्यिय सहकारी संस्था लि. | १५४ | ९८३४६०० | ९२६४५३३९.१८ | ८६९२८३८.३१ | |
| १९ | टौफिकल साहाराबहुउदेश्यिय सहकारी संस्था लि. | १७४ | ३८१२५३२ | ३८५२३७६२.७ | ३११४९८१९ | ४४४१९०.७४ |
| २० | तारकेश्वोरीमहिला बचत तथा ऋण सहकारी संस्था लि. | ३८३ | ३३८५००० | ४१०५२८२४ | ४४७८७३२० | ६०३२५१.८५ |
| २१ | दरौदीबहुउद्देश्यीय सहकारी संस्था लि . | २०० | ५०००००० | १५००००० | २९००००० | ६००००० |
| २२ | नवपालुवा बचततथा ऋण सहकारी संस्था लि. | २८ | ३५०३३४ | १८९२६८३ | ३९३५८७ | ० |
| २३ | नवरङ्गीबहुउद्देश्यीय सहकारी संस्था लि. | २८३२ | १९५४६९०० | १७०१५१६५८.३ | १५०००५१६४ | ३२५४९१८.८४ |
| २४ | नागभुषणबहुउद्देश्यिय सहकारी संस्था लि. | ५२४ | ८५३८१०० | १५३०३१०६.०१ | २१४९९७९२.३८ | १५६३९७७.१७ |
| २५ | नागार्जुनजडिबुटि कृषी सहकारी संस्था लि | ७४ | १५७५०० | ११७२५०० | १०७७००० | |
| २६ | नागार्जुनबहुउदेश्यीय सहकारी संस्था लि . | १६५ | ३०००००० | २४०२८१ | २००००० | |
| २७ | नेशनल भिजन बचततथा ऋण सहकारी संस्था लि . | ३५१ | ९०१४९०० | १८४१५५१५ | २६९००८०५ | ४३११२ |
| २८ | पद्मा बचत तथाऋण सहकारी संस्था लि. | २६ | ५३५००० | ० | ० | ४५१४७० |
| २९ | परोपकारस्वास्थ्य सहकारी संस्था लि. | १७१ | १४५७६०० | ८७५१९६८.६ | ७७००६८९.४ | २४३९६.६७ |
| ३० | पवित्र भुमिबचत तथा ऋण सहकारी संस्था लि. | २८ | १५४५००० | १३४८५४२.९९ | ५६२६४२.९५ | ५२६५२.५८ |
| ३१ | पाँचधाराबहुउद्देश्यीय सहकारी संस्था लि. | ६८६ | ४९५२३००० | ९०४८०८१७१ | १३५८५४७८४ | १७३१३५३ |
| ३२ | बहु आयामिककृषि बचत तथा ऋण सहकारी संस्था लि. | १५३२ | ३८४५७१०० | २३७५१८४५७.७ | ३१८४५५३०६ | १३३८५७९२.८ |
| ३३ | बालात्रीपुरासुन्दरी बचत तथा ऋण सहकारी संस्था लि. | १०५ | १६००५०० | १८६३७८५.०८ | १०५९५१५.१३ | १३४२०५२ |
| ३४ | बिश्वबिराटबहुउद्देश्यिय सहकारी संस्था लि. | ११४ | १४९२८०० | ६३८४९२५.६७ | ३५९१९९० | ९८८५८.३८ |
| ३५ | मारूती बचत तथाऋण सहकारी संस्था लि. | ४१ | २१५८४०० | १०३६६६३८ | २२७२८८३३ | ० |
| ३६ | मेरो बचत तथाऋण सहकारी संस्था लि . | २८७ | ११७२३००० | ३५३३२३१.४४ | ११०७९२६४.५६ | २९९०३.१२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७ | रानिबन महिलाबचत तथा ऋण सहकारी संस्था लि. | २०३ | २०५९९५० | ३४६५९८५४.८३ | ३०२७००२५ | ५९८९२७९.१५ |
| ३८ | रामकोटबिन्दबासिनी बचत तथा ऋण सहकारी संस्था लि. | ११८ | १५८६२० | ३११०१९० | ४९३२५६० | ७१४५९ |
| ३९ | रामकोट सानाकिसान कृषि सहकारी संस्था लि. | ४७ | ४७६८०० | १८९८३९०.६९ | ६६३७२०५.३३ | २९९१०७.७६ |
| ४० | विर भगवती बचततथा ऋण सहकारी संस्था लि. | ६१८ | ६०२२१०० | ९३७०४१८४ | ८७४११४६० | ४२०५८८.०४ |
| ४१ | श्यामेश्वरकृषी बहुउद्देश्यिय सहकारी संस्था लि. | ६६९ | २१६५७९०० | १५७६२९५४७ | १५७२१७६९७ | ५४६७९२३ |
| ४२ | श्रमश्री बचततथा ऋण सहकारी संस्था लि. | ९३५ | २०००००० | ४४१८२९३ | ६९६८००० | २४६० |
| ४३ | श्री दिपज्योतिबहुउद्देश्य संस्था लि . | ४४४ | ५३०८६०० | ९४५५८७४.६१४ | ७२८६६८०.८३ | ४४०९.४५ |
| ४४ | श्री युनाईटेडबहुउद्देश्य सहकारी संस्था लि . | १६९ | ५०१३००० | १७७०३८६६.५७ | ४७०३६०६ | ० |
| ४५ | श्रृजनशीलबहुउद्देश्यीय सहकारी संस्था लि . | ४६४ | १३९०६०० | ५४६६३१३.३६ | ५०३३८८६.४ | |
| ४६ | सकृय कृषिबहुउद्देश्यीय सहकारी संस्था लि. | १६० | १३८७२०० | १०३७३९७९ | ११९५३३२० | ७०९८९७ |
| ४७ | सनसाइन लक्ष्मीबहुउद्देश्यीय सहकारी संस्था लि. | ३२१ | ६४०४९०० | ३१०५४०१४.४६ | ३३५९८०३३.०५ | १०३८२२६२ |
| ४८ | समान सहभागिताबचत तथा ऋण सहकारी संस्था लि. | ४३८ | ८१९९०० | २८०७७५७९७ | २११३३३ | १००००० |
| ४९ | समृदशिल बचततथा ऋण सहकारी संस्था लि. | ५४१ | १३९१६४०० | १०३५९४२५०.६ | ९२०६१६१८ | १९३२३१५.४६ |
| ५० | सर्व सेवा बचततथा ऋण सहकारी संस्था लि. | २५ | ५००००० | ० | ० | ० |
| ५१ | सहारा बहुआयामिक बचत तथा ऋण सहकारी संस्था लि . | १६० | ३७२१००० | ७२०६९५६ | १०८८०७४२ | १७८७९ |
| ५२ | साईबुद्ध बचततथा ऋण सहकारी संस्ठा लि. | १३९३ | २०१७४८०० | ५९७८११६७ | ५३१७११३० | ४३३४७३ |
| ५३ | सामुदायिक सेवाबचत तथा ऋण सहकारी संस्ठा लि. | ३९७ | ६७६१५०० | २१४११२०८२ | २००९०२४४७ | ३७४५२२.७३ |
| ५४ | सितापाईलानबज्योती बचत तथा ऋण सहकारी संस्ठा लि. | ८० | ११९०१०० | २२८६२६५ | ८८८७६७ | १९४१ |
| ५५ | सुन्दर नगर बचततथा ऋण सहकारी संस्था लि. | ३०७ | १२५५७१०० | २८५००५०५ | ३८७०९१२ | ४०२०३५ |
| ५६ | सुर्य मालिकाबचत तथा ऋण सहकारी संस्था लि. | ६१ | १२२२५०० | ८४५००० | ११७३८१९७ | ० |
| ५७ | सेवामुलक बचततथा ऋण सहकारी संस्था लि. | १२१२ | ११०६३१०० | ७०४५८४६७ | ८२०१२६३६ | १२५३५७९ |
| ५८ | हाम्रो जनथैलीबचत तथा ऋण सहकारी संस्था लि. | ३६० | ५७१३००० | १९१८२१८० | २४०८६८७८ | ३९२६५१ |
| ५९ | हाम्रोमिलिजुली बचत तथा ऋण सहकारी संस्था लि. | ६२ | २०६८५०० | ३१५४६१२९ | ९६४६७५४ | ० |
| ६० | हाम्रो रामकोटबचत तथा ऋण सहकारी संस्था लि. | ४४३ | ६००७३०० | ६८६५६०८०.२६ | ६८८६३४२० | ३८७३९३.८७ |
| ६१ | हिम्मत बचत तथाऋण सहकारी संस्था लि. | ९७ | ११२१८०० | १११२०३९ | ८१३२९५९ | |
| ६२ | हिरारत्न बचततथा ऋण सहकारी संस्था लि. | ५८ | २७७३८५ | ५०५७३९.१३ | ६८५६५७.७६ | ५३७१७.८२ |
| ६३ | ह्डलान चुकृषी सहकारी संस्था लि. | २९६ | २३३६७०० | ९३५४७९२ | २४९०४३०७ | ६२४७२७.०१ |

सैद्धान्तिक बेरूजु

२८ **राजश्व अभिलेख -** नगरपालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख नगरपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति

छन एकिन गर्न सकिएन । नगरपालिकाबाट सवै वडाहरूमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ नगरपालिकाबाटै छानविन गर्नुपर्दछ । नगरपालिकाले राजस्व म.ले.प. फा.नं. १०१ देखि ११८ सम्मका फाराम समेत पूर्णरूपमा प्रयोग भएको देखिएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरूजु

२९ **कर तथा शुल्क असुल -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १००००००००. | ४५२७०६०१. | ४५.२७ |
| घरजग्गा वहाल कर | १००००००००. | ५६३३१३३६.०३ | ५६.३३ |
| व्यवसाय कर | ५००००००0. | ८४००२९१. | १६.८ |
| वहाल विरौटी शुल्क | ० | ० | ० |
| अन्य दस्तुर | ५८६६०००६८.५ | १९१८९४५९४.५ | ३२.७१ |
| भूमिकर। मालपोत | २५०००००. | १९८४७७१.७५ | ७९.३९ |
| सिफारिस दस्तुर | ११००००००0. | २४१३०२०७.८३ | २१.९४ |

नगरपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरूजु

३० **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी नगरपालिकाको पर्यावरणलाई स्वच्छ राख्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

३१ **निशुल्क पाठ्यपुस्तक अनुदान** -शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार सार्वजनिक विद्यालयका विद्यार्थिहरूका लागी निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रममा स्थानीय तह अन्तरगत सञ्चालित विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थिहरूलाई IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि पहिलो किस्तामा ७५% र दोस्रो किस्तामा २५% दिने व्यवस्था छ । नगरपालिकाले २०७९ को IEMIS लाई १००% मानि जम्मा रू ३२१९०००.०० भुक्तानी गरेको देखिन्छ । यसरी शत प्रतिशत रकम एउटै किस्तामा दिदा नगरपालिकाले शैक्षिक सत्रको सुरूवातमै विद्यार्थीले पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गरेको पाइएन यस कुरालाई नगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

३२ **शिक्षक दरबन्दी अवस्था** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

| विद्यालय संख्या | स्वीकृत दरबन्दी | पदपूर्ती | पदपूर्ती मध्ये करार | रिक्त | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १९ | २३९ | २३९ | ४९ | ० | ५४३१ |

नगरपालिका अन्तर्गत १९ विद्यालयमा २३९ दरबन्दि रहेकोमा २३९ नै पदपूर्ती रहेको र पदपूर्ती मध्ये ४९ जना करार / राहत शिक्षक रहेको देखिन्छ । १९ विद्यालयमा जम्मा विद्यार्थी संख्या ५४३१ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढि भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरू सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

३३ **कार्यसम्पन्न प्रमाण** - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार सामुदायिक विद्यालयलाई प्रति विद्यार्थी लागतका आधारमा OJT कार्यक्रम तथा ल्याव व्यवस्थापन सञ्चालन अनुदान कार्यसम्पन्न पश्चात दिने व्यवस्था छ । नगरपालिकाले भौचर नं २९२ बाट श्री सितापाईला मा.वि लाई रू ९०००००.०० भुक्तानी दिएकोमा रू ४११४८०.०० बिल भरपाईको प्रमाण देखिएकोमा रू ४८८५२०.०० को कार्यसम्पन्न नदेखिएकोले कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८८,५२० |

३४ **शिर्षक फरक पारि खर्च** - आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम कार्यालयले जुन शिर्षकमा रकम विनियोजन भएको हो त्यहि शिर्षकमा खर्च गर्न सक्ने व्यवस्था छ । तर नगरपालिकाले तल उल्लेखित फरक शिर्षकमा रू १३५००००.०० खर्च गरेको देखिन्छ । यसरी फरक शिर्षकमा खर्च गरेको रकम अनियमित देखिएको रू.....

| भौचर नं | बजेट शिर्षक | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| २०० | स्वीकृत शिक्षक दरबन्दी तलब | बैकल्पिक शिक्षा कार्यक्रम | १३०००००० |
| जम्मा | | | १३०००००० |

अनियमित भएको

३५ **मेड्फा कार्यक्रम** - गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुदा नं ३९ मा तालिमबाट उत्पादित सामानका वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू परल मुल्यको ५०% छुट मुल्यमा सहभागिहरूलाई बिक्रि गर्ने तथा यसरी बिक्रि हुन नसकेमा सम्भव भए सम्म बिक्रि वितरण तथा प्रसार प्रचारको लागि कोसेली घर, सौगात गृह मा पठाउने र पठाउदा पनि बिक्रि नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष लेखापरीक्षणको क्रममा नमुना छनौट गरि हेर्दा देहायबमोजिमका तालिम सञ्चालन गरि रू १३६४६३३.०० भुक्तानी गरेकोमा के कति समान उत्पादन भए वा बिक्रि भए भन्ने विषयमा कुनै अभिलेख नदेखिएकोले नगरपालिकाले यी विषयमा सुधार गर्नपर्ने देखिन्छ ।

| भौचर नं | तालिम | लाभान्वीत संङ्या | दिन | रकम |
|---|---|---|---|---|
| २०२ | मखमली जुत्ता र क्रिस्टल गहना बनाउने | २० | १८ | ५८७३२१ |
| २०४ | मखमली जुत्ता र एड्भान्स सिलाई कटाई तालिम | ४० | ४५ | ६१७९९५ |
| १९९ | वेकरी बनाउने तालिम | २० | १६ | १५९३१७ |
| | **जम्मा** | | | **१३६४६३३** |

***(प्रारम्भिक प्रतिवेदन उपर जिन्सि दाखिला भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७२ को जम्मा रू ५२५००.०० सम्परीक्षण गरिएको । )***

सैद्धान्तिक बेरूजु

३६ **बाखा तथा पाठापाठी -** नगरपालिकाले लागत साझेदारीमा बाखा तथा पाठापाठी प्रवर्द्धनका लागि विभिन्न कृषक समूह सहकारीलाई अनुदान उपलव्ध गराएकोमा पटके निर्णयका आधारमा वितरण गरेको छ । खरिदको लागत अनुमान, स्पेशिफिकेशन नवनाउँदा खरिद मुल्य पटकै पिच्छे फरक रहेकोले खरीद मितव्ययी छ भन्न सकिने आधार छैन । लागत अनुमान र स्पेशिफिकेशन नवनाउँदा कति तौल, कति महिना र कुन जात विवरण नखुलेको हुँदा खरीद गरीएका वस्तु यथार्थ छ भन्ने आधार देखिँदैन । वितरण गरिएका बाखा तथा पाठापाठीको स्वास्थ्यका वारेमा पशु चिकित्सकबाट प्रमाणित गराई वितरण गर्नु गराउनु पर्नेमा सो गरेको छैन । खरीद गरीएका बाखा तथा पाठापाठीको बिमा पनि गरीएको छैन । विगतमा यस्तै सर्तमा कति कृषकलाई कति बाखा तथा पाठापाठी वितरण गरिएको थियो यसको विवरण अद्यावधिक छैन । जसले गर्दा दोहोरो परे नपरेको यकिन हुन सकेन । यस्तै प्रकारको अनुदान प्रदेश सकरकारबाट वितरण

गर्ने गरेकोले दोहोरो पर्न जाने देखिन्छ । तसर्थ नियमित अनुगमन गरी वितरण भएका कृषकलाई कार्ययोजना तयार गरी अभिलेखिकरण गरी दोहोरो नपर्ने गरी अनुदान दिने गर्नु पर्ने देखिन्छ । कृषक छनौटका आधारहरू के के हुन र के कसरी मूल्यांकन भई उक्त संस्था तथा कृषक छनौट भए सो खुल्ने आधार केही देखिदैन । वडाबाट खरिद भई सामाग्रीहरू हस्तान्तरण भएको र व्यक्ति तथा संस्था तोकी वडाबाट भुक्तानीको लागि सिफारीस भएको पाइयो । निश्चित कानूनी आधार वेगर छनौटका आधार वेगर अनुदान दिएको उपयूक्त देखिएन । यस्ता वितरण प्रक्रियालाई नगरपालिकाबाट व्यवस्थित गरी अनुदान दिने व्यवस्था गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा नमूना छनौटको आधारमा अनुदानको परीक्षण गर्दा निम्न पशु फारामबाट खरीद गरीएका केही उदाहरण निम्नानुसार छ ।

| शिर्षक | गोभौनं र मिति | खरीद गरीएको फर्म | पशु विवरण | संख्या | रकम |
|---|---|---|---|---|---|
| प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम | ४८-०८०/०३/२२ | सेती देवी वनदेवी बाखा फार्म धुनवेशी नपा ७ | बयर वाखा वयर माउ जमुना पारी खरी माउ | १८ | ९७०९००.०० |
| | | क्षितिज एकीकृत कृषि फार्म नागार्जुन ६ | जमुनापारी क्रस माउ | १० | २०००००.०० |
| | | स्वयम्भु कृषि फार्म तथा अनुसन्धान केन्द्र नागार्जुन | लोकल क्रस जातिका पाठीहरू | १५ | १५००००.०० |
| | | | लोकल खरी माउ वाखा | १० | १८००००.०० |
| | | | वोयर क्रस माउ वाखा | १० | २५००००.०० |

सैद्धान्तिक बेरूजु

३७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन मा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिका अन्तर्गत ५ योजना सञ्चालन गरी यस वर्ष १३७ जनालाई रोजगारी उपलब्ध गराई रू ४३९१०६.०० श्रमिक ज्याला खर्च गरेको छ । नगरपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३८ **सामुदायिक विद्यालयलाई द्वन्द्व र भौतिकबाद पुस्तक खरिद** -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ । नगरपालिकाले सामुदायिक विद्यालयहरूलाई वितरण गर्न द्वन्द्व र भौतिकबाद नामक पुस्तक रू १९९९९८.०० को १००० थान पुस्तक खरिद गरेको भएतापनि सो पुस्तक हस्तान्तरण तथा वितरण गरेको प्रमाण पेश नगरेको हुदा प्रमाण पेश गर्नु पर्ने रू १९९९९८.०० र विद्यार्थिलाई लग बुक र डायरी वितरण गर्न सोझै खरिद भएको रू ९१६४३०.०० रकम बराबरको सामाग्री वितरण गरेको प्रमाण पेश नगरेको प्रमाण पेश गर्नु पर्ने जम्मा रू .......................

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,१६,४२८ |

३९ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई नगरपालिकाका कर्मचारीको रू २,२२,२०,५६५.०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको समयमा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

४० **कानून मस्यौदा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकयले सेवा परामर्श खरिद गर्दा सो सम्बन्धी कार्यालयको विद्यमान मौजुदा जनशक्ती, समय र लागत बिश्लेषण गरी आफ्नो जनशक्तिबाट सम्भव नभएमा मात्र सेवा खरिद गर्नु पर्दछ । यस आर्थिक वर्पमा यस नगरपालिकाले निम्न कानुनी परामर्श सेवा खरिद गरेको देखिन्छ —

| **गो भौ नं र मिति** | **खरिद भएको सेवाको विवरण** | **परामर्शदाताको नाम** | **रकम** |
|---|---|---|---|
| ८६८।२०८०।३।२१ | ४ वटा कानुन मस्यौदा र राजपत्र तयारीका लागि विज्ञ परामर्श | जि एफ कन्सल्टिङ प्रा लि | ४७७४७५ |
| ८६९।२०८०।३।२१ | नगरपालिकाका विद्यमान कानूनको पुनरावलोकन समिक्षा | रिनोभेसन नेपाल प्रा लि | ४८४३७२ |

जसबाट नगरपालिकाको व्याय भार बढेको देखिन्छ । नगरपालिकाले यस्ता कार्य सम्भव भएसम्म आफ्नै जनशक्तीबाट सञ्चालन गराउने र सो सम्भव नभएमा एकैप्रकारका सेवाको प्रतिस्पर्धी विधिबाट प्याकेजमा खरिद गरि खर्च नियन्त्रण गर्नु पर्दछ।

सैद्धान्तिक बेरूजु

४१ **रितपूर्बकको कर बिजक -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर मू.अ.कर समायोजन गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१५ को निर्णयबाट रू ५६१४१.५९ सम्परीक्षण गरिएको ।)***

४२ **कन्टिन्जेन्सी खर्च -** यस नगरपालिकाले हरेक योजनामा ३ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति काटीयो भन्ने यकिन हुन सकेन । कन्टेन्जेन्सीको समेत खाता नराखेको कारण कति काटियो र कति खर्च गरीयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन । आयोजनागत खर्च स्पष्ट हुने गरी अभिलेख खाता राख्नु पर्नेमा एकमुष्ट रूपमा खर्च गरेको पाइयो । कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

४३ **दोहोरो भुक्तानी -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर दाखिला भौचर पेश भएको आधारमा मिति २०८०।१२।१५ को निर्णयबाट रू ३०६००.०० सम्परीक्षण गरिएको ।)***

४४ **उपभोक्ता समिति -** नगरपालिकाले उपभोक्ता समितिबाट गराएका २०१ योजना मध्ये ७५ योजनाको लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरीएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण रूपमा नभरीएको, सहि छाप नभएको अवस्था देखिएको छ । त्यस्तै नियम ११५.१ अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा उपभोक्ता समितिले सुधार गर्नुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरूजु

४५ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी नगरपालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरूजु

४६ **लागत सहभागिता -** नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता

समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर नगरपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४७ **नन् फाईलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका बाट निम्न फर्महरूलाई मूल्य अभिवृद्धि सहितको विल भुक्तानी गरेको तर ती फर्मले कर विवरण नबुझाई क्रमश २०७९ फागुन र २०८० जेठ देखि नन्फाईलर रहेको पाइयो । नगरपालिकाले संबन्धित फर्मलाई विल रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर मध्ये ३० प्रतिशत कटाई ७० प्रतिशत रू १६४९३२५.०० भुक्तानी गरेको छ । कानूनी व्यवस्था अनुसार फर्महरूले सम्बन्धित राजस्व कार्यालयबाट मू.अ.कर समायोजन पत्र लिनु पर्दछ ।

| गो भौ र मिति | फर्म | विजक नं/ मिति | विल रकम | मू. अ कर | भुक्तानी भएको ७०% मू अ कर |
|---|---|---|---|---|---|
| २२३।२०७९।२।७ | इन्दिरा कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ७।२०८०।१।७ | १९१९२६० | २४९५०३ | १७४६५३ |
| २९४।२०८०।३।१२ | इन्दिरा कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ९।२०८०।२।३० | ३७८१०४० | ४९१५३५ | ३४४०७५ |
| २९८।२०८०।३।१२ | नागार्जुन निर जे भी | १।२०८०।२।३० | १२४२४१४३ | १६१५१३८ | ११३०५९७ |
| जम्मा | | | | | १६४९३२५ |

असुल गर्नुपर्ने

४८ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । कार्यालयले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक पुल निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३.०९ देखि ४४.८४ प्रतिशत सम्म घटीमा कबोल तथा सम्झौता भएको पाइयो । स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | ठेक्का नं. | योजना | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १।२०७९।८० | खड्का गाउँ कानपुर पाखुरे सडक | ३९९९७९२७ | २७४४७५३३ | ३१.३७ |
| २ | २।२०७९।८० | भिमसेनथान थाप्ले सडक | २९९९८७०९ | २०२९५१७९ | ३२.३४ |
| ३ | ४।२०७९।८० | लसुनपुरे सडक | २०११५६८८ | १३५५७१२६ | ३२.६० |
| ४ | ७।२०७९।८० | छगडोल सल्लाघारी शिव थापा र तामाङ वस्ती सडक | ९४९७७५५ | ५६७७४५८ | ४०.६२ |
| ५ | ८।२०७९।८० | वडा नं १ भित्री बाटो र देवनगर सडक | ७९९९६३८ | ५४०८७९८ | ३२.३८ |
| ६ | ९।२०७९।८० | आद्रेश्वर वज्रयोगिनी गुम्बा मार्ग | ४९९९४५६ | ३५३०४३२ | २९.३८ |
| ७ | १०।२०७९।८० | पञ्कन्या बाटो | ४९९९०२६ | ४२०६१७६ | १५.८६ |
| ८ | ११।२०७९।८० | संकटा भैरब टोल | ४९९९२७० | ३०३८९५९ | ३९.२१ |
| ९ | १३।२०७९।८० | सुदिपको घरदेखि युवा सलवगिता स्कुल सडक | ५३०३००६ | ३३२०५२६ | ३७.३८ |
| १० | १२।२०७९।८० | चक्रपथ देखि ग्रिनफिल्ड स्कुल सडक | ४९९९२८९ | ३६०९३८३ | २७.८० |
| ११ | १४।२०७९।८० | फूलवारी समाज सडक | ५५५२६१९ | ३८२१४२२ | ३१.१७ |
| १२ | १५।२०७९।८० | डाँडा गाउँ हवल्दार वस्ती सडक | ४०७०३०० | २४८००९५ | ३९.०७ |
| १३ | १६।२०७९।८० | वडा नं ६ हरी भण्डारीको घर मुनीको पहिरो नियन्त्रण | ७३८८३२२ | ४७८२७५८ | ३५.२६ |
| १४ | १७।२०७९।८० | चकलपुर जयन्ती गाउँ सडक | ४९९४१८५ | ३१९०२४३ | ३६.१२ |
| १५ | १८।२०७९।८० | पुरानो गा वि स वरको वोट कसारचोक सडक | ५०७७१३३ | ३०८१८१५ | ३९.३० |
| १६ | १९।२०७९।८० | वडा नं १ सडक स्तरोन्नती | १७३०३४८७ | १०५४३२७७ | ३९.०७ |
| १७ | २०।२०७९।८० | ढुंगाना बस्ती सडक | ४९९९३०३ | ३४१९८७० | ३१.५९ |
| १८ | २०७९।८० | वडा नं ४ अर्जुन बुढाथोकीको धर देखि भित्री बाटो | २४९९१५४ | १७०९६४८ | ३१.५९ |
| १९ | २२।२०७९।८० | ज्ञवाली मार्ग | २४९९२८६ | १६४३५९३ | ३४.४२ |
| २० | २३।२०७९।८० | वडा नं ६ देवेन्द्रको घर अगाडिको सडक | ४९९६६३८ | ३१७४७४१ | ३६.४६ |
| २१ | २४।२०७९।८० | डाँडागाउँ लुपिङ सडक | ४९९९४१४ | २८३३०३४ | ४३.३३ |
| २२ | २५।२०७९।८० | कोटश्य भैरव कलभर्ट निर्माण | ६६७०९४१ | ३६७९०९८ | ४४.८४ |
| २३ | २६।२०७९।८० | ज्योती प्रा वि(नगमी खोला) पहिरो नियन्त्रण | २४९९४९७ | १८८७६६२ | २४.४८ |
| २४ | २७।२०७९।८० | खनाल गाउँ र आनन्द आवास सडक | ७४९९३४४ | ४७८१३८२ | ३६.२४ |
| २५ | २८।२०७९।८० | पुरी गाउँ भिब सडक | २६६६८९९ | २५११३३६ | ५.८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | २९।२०७९।८० | गैरी गाउँ सडक | ४९९९६१५ | ३७५५६४३ | २४.८८ |
| २७ | ३०।२०७९।८० | मध्ये मार्ग र कुटे सडक | १०६०७८५३ | ७००८८१८ | ३३.९३ |
| २८ | ३१।२०७९।८० | वडा नं १० भित्री सडक | ५७२८८२७ | ५५३२८४३ | ३.४२ |
| २९ | ३२।२०७९।८० | वडा नं ७ भित्री बाटो | १०५९५७९९ | ६१४५७०८ | ४२ |
| ३० | ३३।२०७९।८० | ग्रिन भिलेज डिप बोरिङ | ३२६३१८० | ३००७७७५ | ७.८२ |
| ३१ | ३४।२०७९।८० | महाङ्कल देखि वडा नं ७ को अफिस सडक | ५३३७४९७ | ३२३४९१९ | ३९.३९ |
| ३२ | ३५।२०७९।८० | खड्का गाउँ खानेपानी योजना | ७४९९२२४ | ५८४५३१५ | २२.०५ |
| ३३ | ३७।२०७९।८० | तारकेश्वर खानेपानी योजना | २५०१४९२ | १६८५१४१ | ३२.६३ |
| ३४ | ०१।२०७९।८० | रानीवन सिद्धेश्वर महादेव मन्दिर निर्माण | ११८३७०९ | ११४७०१६ | ३.०९ |
| ३५ | ०६।२०७९।८० | रूम्बाचोक नाम्गेल सामुदायिक भवन | ४३८६१३६२ | ३७७६२४७७ | १३.९० |

सैद्धान्तिक बेरूजु

४९ **विमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ को ३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गराउँदा निर्माण कार्यको विमा गराउनु पर्ने उल्लेख छ । उपभोक्ता समिति वा लाभग्राही समुदायले त्यस किशिमको विमा गराएको देखिएन । उल्लेखित कानुनी व्यवस्थाको पालना गर्न पहल गर्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरूजु

५० **खरिद व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा लागत अनुमान तयार गरी ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम त्रैमासिक अवधि भित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नु पर्ने उल्लेख छ । नगरपालिकाले ठेक्का सम्झौता निम्नानुसार गरेको देखिएकोले लागत अनुमान तयार गर्ने र बोलपत्र स्वीकृत गर्ने काम नियमावलीमा उल्लेख भए जस्तो प्रथम चौमासिक अवधिमा सम्पन्न गरेको देखिएन । नियमावलीमा भएको व्यवस्था पालना हुनु पर्दछ ।

| क्र. सं | ठेक्का नं | योजना | सम्झौता रकम | सम्झौता मिति |
|---|---|---|---|---|
| १ | १।२०७९।८० | खड्का गाउँ कानपुर पाखुरे सडक | २७४४७५३३ | २०७९।१०।४ |
| २ | २।२०७९।८० | भिमसेनथान थाप्ले सडक | २०२९५१७९ | २०७९।१०।९ |
| ३ | ४।२०७९।८० | लसुनपुरे सडक | १३५५७१२६ | २०७९।१०।४ |
| ४ | ७।२०७९।८० | छगडोल सल्लाघारी शिव थापा र तामाङ वस्ती सडक | ५६७७४५८ | २०७९।११।५ |

| | | | | |
|---|---|---|---|---|
| ५ | ८।२०७९।८० | वडा नं १ भित्री बाटो र देवनगर सडक | ५४०८७९८ | २०७९।११।४ |
| ६ | ९।२०७९।८० | आद्रेश्वर वज्रयोगिनी गुम्बा मार्ग | ३५३०४३२ | २०७९।११।११ |
| ७ | १०।२०७९।८० | पञ्कन्या बाटो | ४२०६१७६ | २०७९।११।१६ |
| ८ | ११।२०७९।८० | संकटा भैरब टोल | ३०३८९५९ | २०७९।१२।२६ |
| ९ | १३।२०७९।८० | सुदिपको घरदेखि युवा सलवगिता स्कुल सडक | ३३२०५२६ | २०७९।१२।२६ |
| १० | १२।२०७९।८० | चक्रपथ देखि ग्रिनफिल्ड स्कुल सडक | ३६०९३८३ | २०७९।१२।२६ |
| ११ | १४।२०७९।८० | फूलवारी समाज सडक | ३८२१४२२ | २०७९।१२।२६ |
| १२ | १५।२०७९।८० | डाँडा गाउँ हवल्दार वस्ती सडक | २४८००९५ | २०७९।१२।२४ |
| १३ | १६।२०७९।८० | वडा नं ६ हरी भण्डारीको धर मुनीको पहिरो नियन्त्रण | ४७८२७५८ | २०७९।१२।२६ |
| १४ | १७।२०७९।८० | चकलपुर जयन्ती गाउँ सडक | ३१९०२४३ | २०७९।१२।२८ |
| १५ | १८।२०७९।८० | पुरानो गा वि स वरको वोट कसारचोक सडक | ३०८१८१५ | २०७९।१२।२४ |
| १६ | १९।२०७९।८० | वडा नं १ सडक स्तरोन्नती | १०५४३२७७ | २०७९।१२।२२ |
| १७ | २०।२०७९।८० | ढुंगाना बस्ती सडक | ३४१९८७० | २०७९।१२।२४ |
| १८ | २०७९।८० | वडा नं ४ अर्जुन बुढाथोकीको धर देखि भित्री बाटो | १७०९६४८ | २०८०।२।२८ |
| १९ | २२।२०७९।८० | ज्ञवाली मार्ग | १६४३५९३ | २०७९।१२।२३ |
| २० | २३।२०७९।८० | वडा नं ६ देवेन्द्रको घर अगाडिको सडक | ३१७४७४१ | २०७९।१२।२३ |
| २१ | २४।२०७९।८० | डाँडागाउँ लुपिङ सडक | २८३३०३४ | २०७९।१२।२३ |
| २२ | २५।२०७९।८० | कोटश्य भैरव कलभर्ट निर्माण | ३६७९०९८ | २०७९।१२।२३ |
| २३ | २६।२०७९।८० | ज्योती प्रा वि(नगमी खोला) पहिरो नियन्त्रण | १८८७६६२ | २०८०।१।१७ |
| २४ | २७।२०७९।८० | खनाल गाउँ र आनन्द आवास सडक | ४७८१३८२ | २०८०।१।१३ |

| | | | | |
|---|---|---|---|---|
| २५ | २८।२०७९।८० | पुरी गाउँ भिब सडक | २५११३३६ | २०८०।१।१७ |
| २६ | २९।२०७९।८० | गैरी गाउँ सडक | ३७५५६४३ | २०८०।१।१७ |
| २७ | ३०।२०७९।८० | मध्ये मार्ग र कुटे सडक | ७००८८१८ | २०८०।१।१७ |
| २८ | ३१।२०७९।८० | वडा नं १० भित्री सडक | ५५३२८४३ | २०८०।१।१७ |
| २९ | ३२।२०७९।८० | वडा नं ७ भित्री बाटो | ६१४५७०८ | २०८०।१।१७ |
| ३० | ३३।२०७९।८० | ग्रिन भिलेज डिप बोरिङ | ३००७७७५ | २०८०।२।१२ |
| ३१ | ३४।२०७९।८० | महाङ्कल देखि वडा नं ७ को अफिस सडक | ३२३४९१९ | २०८०।१।१७ |
| ३२ | ३५।२०७९।८० | खड्का गाउँ खानेपानी योजना | ५८४५३१५ | २०८०।१।१४ |
| ३३ | ३७।२०७९।८० | तारकेश्वर खानेपानी योजना | १६८५१४१ | २०८०।१।१४ |
| ३४ | ०१।२०७९।८० | रानीवन सिद्धेश्वर महादेव मन्दिर निर्माण | ११४७०१६ | २०७९।१२।१६ |
| ३५ | ०६।२०७९।८० | रूम्बाचोक नाम्गेल सामुदायिक भवन | ३७७६२४७७ | २०७९।१२।१६ |

सैद्धान्तिक बेरूजु

५१ **ठेक्काको अन्त्य** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा सार्वजनिक निकालयले निर्माण स्थलको व्यवस्था नभई तथा हटाउनु पर्ने संरचना हटाउने सुनिश्चतता नभई वोलपत्र आव्हान गर्न नहुने उल्लेख छ । नगरपालिकाले लागत अनुमान रू ३८९६६५०.१९ रहेको ठेक्का नं १४।२०७८।७९ छुकुण्डोल सडक स्तरोन्नतीको काम मिति २०७९।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०७९।१।६ मा निर्माण व्यवसायीसँग सम्झौता गरेको थियो । रू २६४६६१९.०२ सम्झौता रकम रहेको उक्त ठेक्का स्थानीय वासीहरूले जग्गा छोड्न नमानेको कारण निर्माण व्यसायीले साइट नपाउँदा कार्य प्रारम्भ नै नभई ठेक्का स्वीकृत भएको १४ महिना पश्चात ठेक्का सम्झौताको सामान्य शर्त ७२.२ र ७२.४ अनुसार सुविस्थाको आधारमा आर्थिक व्ययभार नपर्ने गरी ठेक्का अन्त्य गर्ने निर्णय नगरपालिकाले २०८०।३।४ गरेको छ । निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गरेमा पुन यस्तो अवस्था सृजना हुन सक्ने र यस्तो प्रवृतिले कार्यालयलाई थप आर्थिक दायित्व व्यहोर्नु पर्ने अवस्था समेत सृजाना गर्न सक्ने प्रयाप्त संभावनाहरू रहेकोले निर्माण स्थलको व्यवस्थापन पश्चात मात्र ठेक्काको प्रक्रिया शुरू गर्नेतर्फ नगरपालिकाले ध्यान पुऱ्याउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

५२ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग

गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष: २०७९/८०**

**कार्यालय र स्थान : नागार्जुन नगरपालिका , नागार्जुन नगरपालिका , काठमाडौं**

| पद | नाम | कार्यकाल सुरू मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Suman Adhikari | २०७९-१२-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | आनन्द कुमार खड्का | २०७८-३-१६ | हाल सम्म कार्यरत |

**बेरूजु वर्गीकरण -**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३०,६०० | ० | १,७१३,५८९.५९ | ० | ० | १,०२६,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरूजू रू.** | | | | | २,७७०,१८९.५९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रू.** | | | | | ८४८,२४१.५९ |
| **संपरीक्षणबाट थप भएको बेरूजू रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरूजू रू.** | | | | | १,९२१,९४८ |

**स्थानीय तह -**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १७६३४३०५५.०४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४५९५३६७९१.८७ | **चालु खर्च** | ४८८०२२२५५.३७ |
| **प्रदेश सरकारबाट अनुदान** | ६४५८६३१०.३ | **पूँजीगत खर्च** | ४५०६२४५४४.९३ |
| **राजश्व बाँडफाँट** | ५०७३५३३९४.१४ | **वित्तीय/अन्य व्यवस्था** | १४६४०७०४४.७२ |
| **आन्तरिक आय** | १७०८५२९६०.४२ | | |
| **अन्य आय** | २४९४५६१२ | | |
| **कुल आय** | १२२७२७५०६८.७३ | **कुल खर्च** | १०८५०५३८४५.०२ |
| **बाँकी मौज्दात** | | ३१८५६४२७८.७५ | |